# खरिदार वा सो सरह (अप्राविधिक) पदको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना

**सूचना नं. ८९/०८०-८१, मिति २०८१/०२/२९ गते**

लोक सेवा आयोग, दाङ कार्यालयको विज्ञापन नं. १४४०२-१४४०७/०८०-८१ (खुला तथा समावेशी), संयुक्त र एकीकृत परीक्षा प्रणालीअन्तर्गत राजपत्र अनङ्कित द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदमा दाङ परीक्षा केन्द्र राखी प्रथम चरणको परीक्षा उत्तीर्ण गरी द्वितीय चरणको लिखित परीक्षाको लागि छनौट भएका सम्पूर्ण उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा र लोक सेवा आयोग, दाङ कार्यालयको विज्ञापन नं. १४४०१/०८०-८१ (आ.प्र.), संयुक्त र एकीकृत परीक्षा प्रणालीअन्तर्गत राजपत्र अनङ्कित द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदमा दाङ परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा पूर्वनिर्धारित कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**उम्मेदवारहरुले प्रवेशपत्र लिई परीक्षा सुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै सम्बन्धित परीक्षा केन्द्रमा पुग्नुपर्ने छ ।** सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाणसहित लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरु हुनुभन्दा १० (दस) दिन अगावै यस कार्यालयमा निवेदन दिनुपर्ने छ । **परीक्षार्थीहरुले अनिवार्यरुपमा पालना गर्नुपर्ने अन्य विषयहरु द्रष्टव्यमा उल्लेख गरिएको छ ।**

## परीक्षा कार्यक्रम र भवन

### क) विज्ञापन नं. १४४०२-१४४०७/०८०-८१ (खुला तथा समावेशी) तर्फको

| क्र. सं. | पत्र (विषय)/परीक्षा मिति, समय र अवधि | | उम्मेदवारहरुको रोल नं. | | उम्मेदवार सङ्ख्या | सेवा/समूह | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| १ | द्वितीय पत्र (कार्यालय व्यवस्थापन) २०८१/०३/१४ गते दिनको २:०० बजे (२ घ. ३० मि.) | तृतीय पत्र (कार्य ज्ञानसम्बन्धी) २०८१/०३/१५ गते दिनको २:०० बजे (२ घ. ३० मि.) | ६१०००५ | ६१०९०५ | २२० | संयुक्त र एकीकृत | श्री राप्ती बबई क्याम्पस, केन्द्र 'क', तुलसीपुर, दाङ |
| २ | | | ६१०९१४ | ६११८०६ | २०० | | श्री राप्ती बबई क्याम्पस, केन्द्र 'ख', तुलसीपुर, दाङ |
| ३ | | | ६११८१८ | ६१३०५८ | १८० | | श्री राप्ती बबई क्याम्पस, केन्द्र 'ग', तुलसीपुर, दाङ |
| ४ | | | ६१३०७३ | ६१३९१८ | १५९ | | श्री राप्ती बबई क्याम्पस, केन्द्र 'घ', तुलसीपुर, दाङ |

### ख) विज्ञापन नं. १४४०१/०८०-८१ (आ.प्र.) तर्फको

| क्र. सं. | पत्र (विषय)/परीक्षा मिति, समय र अवधि | | उम्मेदवारहरुको रो.नं. | | उम्मेदवार सङ्ख्या | सेवा/समूह | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| १ | प्रथम पत्र (सामान्य ज्ञान) २०८१/०३/१६ गते दिनको २:०० बजे (४५ मि.) | द्वितीय पत्र (सेवा सम्बन्धित कार्य-ज्ञान) २०८१/०३/१७ गते दिनको २:०० बजे (२ घ. ३० मि.) | सबै उम्मेदवार | | ७१ | संयुक्त र एकीकृत | श्री राप्ती बबई क्याम्पस, तुलसीपुर, दाङ |



फोन नं.: ०८२-५२२८२५/०८२-५२००१३, वेबसाइटः www.psc.gov.np, इमेलः dang@psc.gov.np

द्रष्टव्य :

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्ने छ । साथै, उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।

३. परीक्षा हलभित्र कुनै पुस्तक, कागजात, झोला, मोबाइल फोन र स्मार्ट वाच लगायतका विद्युतीय उपकरणहरु ल्याउन पाइने छैन ।

४. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेश-पत्रसँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटोसहितको कुनै परिचयपत्र अनिवार्यरूपमा साथमा लिई आउनुपर्ने छ।

५. वस्तुगत बहुउत्तर (Multiple choice) प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर (Capital letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

| ................... | ........................ | ...................... |
|---|---|---|
| (कमल पाण्डे) | (राजकुमार श्रेष्ठ) | (बासुदेव भण्डारी) |
| लेखापाल | कम्प्युटर अपरेटर | शाखा अधिकृत |



फोन नं.: ०८२-५२२८२५/०८२-५२००१३, वेवसाइटः www.psc.gov.np, इमेलः dang@psc.gov.np